# आदिवासी जनजाति महिलाको पहिचानसहित संविधान सभाको निर्वाचनमा आदिवासी जनजाति महिलाको स्थानः

**शान्ती राई**

## भूमिकाः

महिला भन्नासाथ आधि आकाश आधि धर्ती ओगट्ने, जन्मले स्त्री जाति भन्ने बुझिन्छ । आधा हिस्सा ओगट्ने यी महिला वर्गभित्र पनि जातिगत/समुदायगत महिला १०१ जातजातिभित्र पर्दछन् । यी १०१ जातजातिका महिला वर्गले प्रत्येक जातिभित्र आधा हिस्सा ओगटेर रहेको विद्यमान स्थिति हो । यसभित्र ३७% आदिवासी जनजाति (आ.ज.) समुदायका महिलालाई नै आदिवासी जनजाति महिला भनेर जनाउँछ । यी आदिवासी जनजाति महिलाहरूले संविधान सभाको निर्वाचनमा कसरी र कति स्थान पाउने वा नपाउने भन्ने सम्बन्धमा अन्तरिम संविधान, २०६३ ले गरेको व्यवस्थामाथि विश्लेषण तथा विवेचना गरिनु आवश्यक भएको हुनाले यो संक्षिप्त अवधारणा-पत्र प्रस्तुत गरिएको छ ।

## विषय प्रवेशः

आदिवासी जनजाति भनेको को हो ? भन्ने विषयमा जानु भन्दा अगाडि जातिको बारेमा बुझ्न जरुरी हुन्छ । “**जातिको अर्थ जन्म** (Birth) अथवा जन्दद्वारा निर्धारित अस्तित्व”[१] भन्ने बुझिन्छ । “जाति समूह (Ethnic Group) अन्तर्गत जनजाति आदिवासी वा रैथाने जाति”[२] पर्ने देखिन्छ, जसलाई अहिले जनजाति, आदिवासी “Ethnic Group, Indigenous भन्न सकिने परम्परा विकसित भइरहेको पाइन्छ । जनजाति शब्दको पर्यायवाची अंग्रेजी शब्दहरू Tribe, People, Nation, Ethnic Group, Nationality हुन सक्दछन् । भारतमा ट्राइव (Tribe) शब्दको ठाउँमा ‘जनजाति’ भन्ने शब्द प्रयुक्त हुने गरेको देखिन्छ ।”[३]

“अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) को महासन्धि १६९ (ILO-Convention on Indigenous and Tribal Peoples 1989 (No.169) ले आदिवासी जनजातिहरू (Indigenous and Tribal Peoples) को आधिकारिक धारणा अघि सारेको छ ।”[४] यहीँ अनुसार आदिवासी जनजाति (Indigenous and Tribal People) भनेको नेपालको सन्दर्भमा यसरी बुझ्नुपर्ने हुन्छ- “आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज भएको, तर चार वर्णको हिन्दू वर्णाश्रम व्यवस्थाभित्र नपर्नेहरू जनजाति अन्तर्गत पर्दछन् ।”[५]

~~१, २, ३, ४, ५ राष्ट्रिय विकासमा आदिवासी जनजाति : मूल मुद्दा व्यवधान र अवसरहरू~~
आई.आई.डी.एस., काठमाडौं- २०५९ कार्तिक, पृष्ठ १५ र पृष्ठ २२

**जनजाति भन्नाले निम्न विशेषताहरू भएको समुदायलाई जनाउँछः**

- जसको आफ्नो छुट्टै सामुहिक साँस्कृतिक पहिचान छ ।
- जसको परम्परागत भाषा, धर्म, रीतिरिवाज र सँस्कृति छ ।
- जसको परम्परागत सामाजिक संरचना समानतामा आधारित छ ।
- जसको आफ्नो लिखित वा अलिखित इतिहास छ ।
- जुन समुदायभित्र “हामी भावना” छ ।
- जुन समुदायहरूको आधुनिक नेपालको राजनीति र राज्य संचालनमा निर्णायक भूमिका छैन ।
- जो नेपालको आदिवासी हो ।
- जसले आफूलाई जनजाति भन्दछ ।

यहीँ कुरालाई आधार बनाएर आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ ले यसरी परिभाषा गरेको छ-“आदिवासी जनजाति भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै साँस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास

भएको अनुसूची बमोजिमको जाति वा समुदाय सम्झनु पर्छ ।" उक्त उल्लेखित ऐनको दफा (२) को उपदफा (क) सँग सम्बन्धित अनुसूचीका ५९ आदिवासी जनजातिहरू आफ्नो परम्परागत मूलथलो (भौगोलिक क्षेत्र) का आधारमा निम्नानुसारका भौगोलिक क्षेत्रमा छरिएर रहेका छन् ।

**हिमाली क्षेत्र**

| | | |
|---|---|---|
| १) वालुङ | ७) लार्के | १३) मार्फाली थकाली |
| २) तोप्केगोला (ढाक्पा) | ८) सियार | १४) मुगाली |
| ३) थुदाम् | ९) बाह्रगाउँले | १५) तोनगाउँले थकाली |
| ४) ल्होमी (सिङसावा) | १०) ताङ्वे | १६) भोटे |
| ५) शेर्पा | ११) थकाली | १७) छैरोतन |
| ६) ब्याँसी | १२) डोल्पो | १८) ल्होपा |

**पहाडी क्षेत्र**

| | | |
|---|---|---|
| १९) लिम्बू | २७) जिरेल | ३५) सुरेल |
| २०) लेप्चा | २८) थामी | ३६) याक्खा |
| २१) राई | २९) तामाङ | ३७) सुनुवार |
| २२) हयोल्मो | ३०) हायू | ३८) पहरी |
| २३) नेवार | ३१) भुजेल | ३९) बनकरीया |
| २४) गुरुङ | ३२) चेपाङ | ४०) दुरा |
| २५) फ्री | ३३) छन्त्याल | ४१) बरामो |
| २६) मगर | ३४) कुसुण्डा | ४२) राउटे । |

**भित्री मधेश**

| | | |
|---|---|---|
| ४३) माझी | ४५) दराई | ४७) दनुवार |
| ४४) कुमाल | ४६) बोटे | ४८) राजी |

**तराई**

| | | |
|---|---|---|
| ४९) मेचे | ५३) गनगाई | ५७) किसान |
| ५०) झाँगड | ५४) सतार (सन्थाल) | ५८) धानुक |
| ५१) राजवंशी (कोच) | ५५) थारु | ५९) ताजपुरीया |
| ५२) कुशवाडिया (पत्थरकट्टा) | | ५६) धिमाल |

यसरी परिभाषित तथा सूचिकृत गरिएका ५९ आदिवासी जनजातिभित्रका "स्त्री जाति" नै आ.ज. महिला हुन् । यी आ.ज. महिलाहरूको आगामी जेष्ठमा हुने संविधान सभाको निर्वाचनमा स्थान कस्तो हुने वा हुनुपर्दछ ? भन्ने बारेमा तल उल्लेख गरिएको छ ।

## संविधान–सभाको निर्वाचनमा आदिवासी जनजाति महिलाको स्थानः

आगामी २०६४ साल जेष्ठ महिनामा संविधान सभा सम्पन्न हुने कुरा निश्चितप्राय भएको छ । यसको लागि नेपालको अन्तरिम संविधान, २०६३ मा (संशोधन हेर्न बाँकी बाहेक) निर्वाचन प्रणाली र सीट संख्या तोकिसकिएको अवस्था छ । यस अनुसार निर्वाचन प्रणाली मिश्रित हुनेछ, जसमा निर्वाचित ४०९ जना र मनोनित १६ जना गरी ४२५ जना सदस्य (संविधान सभासद्) हरू रहनेछन् ।

नेपालको अन्तरिम संविधान, २०६३ प्रारम्भ हुनु अगाडि प्रचलित २०५ निर्वाचन क्षेत्रबाट बहुमतीय निर्वाचन प्रणालीद्वारा पहिलो हुने २०५ जना सदस्य र नेपाल (देश) लाई नै एक निर्वाचन क्षेत्र मानी राजनैतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणालीद्वारा निर्वाचित २०४ जना सभासद्हरू रहने छन् । यसबाहेक राष्ट्रिय जीवनका महत्त्वपूर्ण व्यक्तिहरूमध्येबाट सहमतिका आधारमा अन्तरिम मन्त्री- परिषद्बाट मनोनित १६ जना सदस्य रहने व्यवस्था भएको छ । यस संविधानमा व्यवस्था भएबमोजिम बहुमतीय निर्वाचन प्रणालीद्वारा हुने निर्वाचनको लागि राजनैतिक दलहरूले उम्मेदवार चयन गर्दा समावेशी सिद्धान्तलाई ध्यान दिनुपर्ने र समानुपातिक निर्वाचन प्रणालीद्वारा हुने

निर्वाचनमा उम्मेदवारहरूको सूचिकृत गर्दा क्रमशः महिला, दलित, उत्पीडित जाति/आदिवासी जनजाति, पीछडिएको क्षेत्र, मधेशी लगायत अन्य वर्ग समेतको समानुपातिक प्रतिनिधित्व गराउनु पर्ने छ । साथै बहुमतीय र समानुपातिक निर्वाचन प्रणालीद्वारा हुने संविधान सभाको निर्वाचनको लागि दिइने उम्मेदवारीको संख्या जोडेर कुल संख्यामा न्यूनतम एक तिहाई (३३%) महिला उम्मेदवार हुनुपर्ने व्यवस्था गरिएको छ ।

यसरी अन्तरिम संविधान, २०६३ मा गरिएको व्यवस्था अनुसार माथि उल्लेखित एकतिहाई महिला उम्मेदवार भनिएको हकमा समग्र महिला भन्न खोजिएको छ । तर नेपाल एक विविध जातजातियुक्त (तथ्याङ्कले देखाएअनुसार १०१ जातजाति भएको) देश हुँदा महिला मात्र भनेर हुँदैन । यहाँ महिला भन्नासाथ आदिवासी जनजाति महिला, दलित महिला, मूलधारका महिला, पीछडिएको क्षेत्रको महिला अर्थात् उच्च तथा निम्न वर्गका महिला भनेर बुझ्नु पर्ने हुन्छ । हरेक समाज/समुदायमा उन्नत र पीछडिएका महिला हुन्छन् । आजको समयको माग भनेकै पीछडिएका जाति, वर्ग, क्षेत्र, लिङ्गलाई अग्रस्थानमा ल्याउने हो । यसको लागि अति पीछडिएकालाई विशेष अधिकार दिएर सकारात्मक विभेदसहित उन्नत जाति, वर्ग, क्षेत्र र लिङ्ग रहे/भएको स्थान (रेखा) मा ल्याई समानान्तर बनाइने व्यवस्थाको चाहना र आवश्यकता नै दोस्रो जनआन्दोलनको भावना तथा जनादेश हो ।यहीं भावना तथा जनादेशको आधारमा महिला वर्गको कित्तामा पनि माथि उल्लेखित नियम (व्यवस्था) लाई अवलम्बन गरिनु पर्दछ । अर्थात् हरेक समुदायका महिलाहरू मध्ये पनि अविकसित/पीछडिएका महिलालाई अगाडि ल्याइने विशेष व्यवस्था गरिनु पर्दछ । यही मान्यता मुताविक संविधान सभाको निर्वाचनमा महिलाको **जातिगत समानुपातिक सहभागीता**को लागि सीट संख्या निर्धारण गरी “निर्वाचन क्षेत्र” नै सुरक्षित गरिनु पर्दछ । अन्यथा महिलाको नाममा उन्नत वा विकसित जातिका महिला नै निर्वाचित भएर जाँदा पीछडिएका र अविकसित महिलाहरू फेरि पनि उही यथास्थितिमा नै रहन जाने बढी सम्भावना रहन्छ । यसो भएमा “नयाँ नेपाल” शब्दमै मात्र सीमित रहन्छ । अतः आगामी संविधान सभाको निर्वाचनको लागि एक तिहाई (३३%) महिला उम्मेदवारको चयनमा **जातीय जनसंख्या**को आधारमा **समानुपातिक महिला उम्मेदवार** तय गरी बहुमतीय २०५ निर्वाचन क्षेत्रमध्ये ३३% निर्वाचन क्षेत्र नै सुरक्षित गरिनु पर्दछ । त्यस्तै गरेर समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतको २०४ सीट मध्येबाट पनि ३३% महिला उम्मेदवार चयन गर्दा (पीछडिएकोबाट विकसिततिर जाने प्रक्रिया) अर्थात् दलित भित्रको पनि पीछडिएका दलित महिला, आ.ज.महिला भित्र पनि अविकसित महिलालाई प्राथमिकता दिएर उम्मेदवार चयन गरिने प्रक्रिया अपनाइनु पर्दछ । साथै मनोनित हुने १६ जनामा पनि यही मान्यता अबलम्वन गरिनु पर्दछ । यसको लागि समानुपातिक निर्वाचन प्रणालीमा राजनैतिक दललाई मत दिनु पर्ने वाध्यतात्मक व्यवस्था भएको हुनाले माथि उल्लेखित प्रक्रियालाई जुन दलले खुला रूपमा अबलम्वन तथा कार्यान्वयन गर्दछ, सोही दललाई मत दिने व्यवस्था गरिनु पर्दछ । (न कि भोट बैंकको रुपमा प्रयोग हुने) ।नेपालमा विभिन्न जातिका महिलाहरू भएको हुँदा ती महिलाका जनसख्याको आधारमा **जातीय समानुपातिक समावेशी**का लागि उनीहरूको जनसंख्यालाई आधार मान्नु पर्ने हुन्छ । यसका लागि राष्ट्रिय जनगणना, २०५८ लाई आधार मान्दा प्रतिशतमा निम्नानुसार जातीय जनसंख्या देखिन्छ । त्यो संख्याको ५०.४% महिलाको संख्या देखाइएको छ ।

| **जातजाति** | | **महिला** |
|---|---|---|
| क्षेत्री- | १७%- | ८.५% |
| बाहुन- | १३%- | ६.५% |
| आदिवासी जनजाति- | ३७%- | १८.५% |
| दलित- | १२%- | ६% |
| अन्य- | २१%- | १०.५% |
| | १००% | ५०% |

अर्थात् नेपालको कुल जनसंख्या २,३१,५१,४२३ मध्ये महिलाको जनसंख्या १,१६,६८,३१७ हुन आउँछ। महिलाको कुल संख्यामध्ये आ.ज.महिलाको जनसंख्या ४३,१७,२७७.३ हुने देखिन्छ। अन्तरिम संधिवान, २०६३ बमोजिम आगामी जेष्ठमा हुने संविधान सभाको कुल सदस्य संख्या ४२५ तोकिएको छ, जसमा ३३% (एक तिहाई) महिला उम्मेदवार हुनु पर्ने व्यवस्था गरेको छ। एक तिहाई महिला उम्मेदवार हुनुपर्नेमा **जातीय महिला जनसंख्याको समानुपातिक समावेशी**को मान्यता अनुरुप माथि उल्लेखित विविध जातिका महिलाको जनसंख्याको आधारमा निम्नअनुसार सीट छुट्याई सुरक्षित गरिनु पर्दछ।

१) बहुमतीय निर्वाचन प्रणाली अन्तर्गत २०५ निर्वाचन क्षेत्रमा ३३% ले हुन आउने सीट संख्यामा ६७.६५,
२) समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत २०४ सीटमा ३३% ले हुनआउने सीट संख्या ६७.३२,
३) त्यस्तै गरेर अन्तरिम मन्त्रिपरिषद्बाट मनोनित हुने सीटको ३३% ले हुनआउने सीट संख्या ५.२८ गरी जम्मा सीट संख्या १४०.२५ हुन आउँछ।

यसमा विविध जातिका महिलाको लागि समानुपातिक समावेशीको सिद्धान्त अनुसार सीट पाउने आँकडा उल्लेख गर्दा निम्न अनुसार हुन आउँछ-

| **५० प्रतिशत हिस्सा** | | **बहुमतीय निर्वाचन प्रणालीद्वारा** | **समानुपातिक निर्वाचन प्रणालीद्वारा** | **सीट संख्या** |
|---|---|---|---|---|
| क्षेत्री महिला- | ८.५% = | ५.७५ + | ५.७२ = | ११.४७ |
| बाहुन महिला- | ६.५% = | ४.३९ + | ४.३७ = | ८.७६ |
| आ.ज. महिला- | १८.५% = | १२.५१ + | १२.४५= | २४.९६ |
| दलित महिला- | ६% = | ४.०५ + | ४.०३ = | ८.०८ |
| अन्य महिला - | १०.५% = | ७.१० + | ७.०६ = | १४.१६ |
| | ५०% = | ३३.८ + | ३३.६ = | ६७.४३ |

= ६७.४३X२
१३४.८६
+५.२८ मनोनित हुने
१४०.१४

अथवा

| | |
|---|---|
| २०५%३३ | = ६७.६५-बहुमतीय निर्वाचन प्रणालीद्वारा |
| २०४%३३ | = ६७.३२ समानुपातिक निर्वाचन प्रणालीद्वारा |
| १६%३३ | = ५.२८ मन्त्रिपरिषद्बाट मनोनितद्वारा |
| | १४०.२५ |

अर्थात् ४२५ सीट संख्यामा ३३% महिला उम्मेदवारले पाउने सीट संख्या १४०.२५ हो। यसमा जातीय हिसाबले विविध महिलाले समानुपातिक तवरले पाउने सीट संख्या निम्नानुसार देखिन्छ-

| | | |
|---|---|---|
| १४०.२५%- | १७ = | २३.८ क्षेत्री महिला |
| १४०.२५%- | १३ = | १८.२३ बाहुन महिला |
| १४०.२५%- | ३७ = | ५१.८९ आ.ज. महिला |
| १४०.२५%- | १२ = | १६.८३ दलित महिला |
| १४०.२५%- | २१ = | २९.४५ अन्य महिला |
| | १००% | १४०.२० |

अन्तरिम संविधान, २०६३ ले संविधान सभाको निर्वाचनमा कुल संख्यामा न्यूनतम एक तिहाई महिला उम्मेदवार हुनुपर्ने निर्दिष्ट गरेको छ । तर एक तिहाई महिला उम्मेदवार हुँदैमा शतप्रतिशत उम्मेदवारको विजय हुन्छ नै भन्ने के आधार छ त ? जनसंख्याको आधारमा ५०% सीट नै सुरक्षित गरिन पर्नेमा बल्ल-बल्ल ३३% मात्र उम्मेदवार हुने सीट छुट्टयाइएको अवस्था छ त्यो वास्तवमा पुरुष/पितृ सत्तात्मक सोचकै वर्चस्व कायम गर्ने दाउपेच मात्र हो । अतः ३३% उम्मेदवारीको लागि सीटमात्र होइन, **३३% निर्वाचन क्षेत्र नै सुरक्षित** गर्दै समानुपातिक निर्वाचन प्रणालीमा पनि **३३% सदस्य संख्या** ग्यारेण्टी गरिनु पर्छ ।
यसको निमित्त साविकको भौगोलिक निर्वाचन क्षेत्र २०५ मध्ये ६७.६५ **निर्वाचन क्षेत्र** नै छुट्टयाइनु पर्दछ, जसमा **जातीय महिला जनसंख्याको समानुपातिक सहभागीता** जनाउनलाई जनुजुन क्षेत्रमा जुनजुन जातिको बाहुल्यता छ । यथासम्भव त्यहीँ क्षेत्रमा त्यहीँ जातिका महिला-महिलाबीच प्रतिस्पर्धा गराउनु पर्दछ । हरेक पार्टीले उठाउने महिला उम्मेदवार सोही जातिका र सोही क्षेत्रका हुनु जरुरी छ । जस्तैः- आदिवासी जनजातिका महिला-महिलाबीच वा दलित महिला-दलित महिलाबीच वा पीछडिएका क्षेत्रकै महिला-महिलाबीच प्रतिस्पर्धा गराउने परिपाटी अबलम्वन गरिनु पर्छ, जसको परिणाम स्वरुप दलित महिलाको स्थानमा दलित महिला नै, आ.ज. महिलाको ठाउँमा आ.ज.महिला नै विजयी भएर संविधान सभामा पुग्न सफल हुन्छन् । यसरी नै मात्र समानुपातिक समावेशीको मान्यताले सार्थकता प्राप्त गर्दछ । यसरी निर्वाचित भएर जाने संविधान सभासद्हरूद्वारा आफ्नो-आफ्नो समुदाय/समाज, क्षेत्र, वर्ग र जातिका लागि सुहाउँदो तथा देश, काल र परिस्थिति अनुकूलको **नयाँ संविधान** निर्माण हुनेछ ।

माथि उल्लेखित व्यवस्थाहरूको कार्यान्वयनको लागि हरेक राजनैतिक दलसँग सम्बन्धित आदिवासी जनजाति नेता, कार्यकर्ताहरूले आफ्नो-आफ्नो पार्टीभित्र र अन्तरपार्टीगत रुपमा कार्य र लवी गर्दै कार्यगत एकताका लागि पहल गर्नु पर्दछ, यदी यस्तो कार्य हुँदैन भने राजनैतिक पार्टीहरू आपसेआप विघटनतिर जाने खतरा देखिन्छ । किनभने विगतको जस्तो जनता अब 'पार्टी' भनेर बस्नेवाला छैन, "पहिला समुदाय/जाति, अनिमात्र पार्टी" भन्ने स्थिति पैदा भइसकेको छ । पार्टी, जनताको लागि नभएर नेताको लागि मात्र भएको हुनाले अब पार्टीको पछि लागेर पार्टीको 'सती' जानेवाला शायदै कोही होला । यथार्थमा जनता सर्वेसर्वा हुन्छ । जनताको अगाडि सबैले झुक्नै पर्दछ ।

**<u>सन्दर्भ सामग्री</u>**


- नेपाल सरकार, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, कानून किताब व्यवस्था समिति — नेपालको अन्तरिम संविधान,२०६३
- अध्ययन टोली आई.आई.डी.एस. — राष्ट्रिय विकासमा आदिवासी जनजातिः मूल मुद्दा, व्यवधान र अवसरहरू कार्तिक, २०५९
- नेपाल सरकार — आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८
- राई, टंकबहादुर — संविधानसभा र आदिवासी जनजाति समस्या माघ २२, २०६३
- नेपाल सरकार, तथ्याङ्क विभाग — राष्ट्रिय जनगणना, २०५८
- राई, शान्ति कुमारी (अधिवक्ता) — संविधानसभा र संविधान सभामा आदिवासी जनजाति महिलाको भूमिका (राष्ट्रिय आदिवासी जनजाति महिला महासंघमा प्रस्तुत) कार्यपत्र २०६३, माघ २